लैगिंक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण प्रतिबेदन

२०७८ पौष

बाह्रबिसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाह्रबिसे, सिन्धुपाल्चोक

बिषयसुची

१. पृष्ठभुमी १

२. परिक्षणको महत्व १

३. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उदेश्यहरु २

४. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले समेटने क्षेत्रहरु २

५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको विधि र तरिका २

५.१ दस्तावेज समिक्षा २

५.२ लक्षित समुहका ब्यक्तिहरु तथा सुचनाकार ब्यक्तिहरुसंग अर्न्तवार्ता तथा छलफल ३

५.३ कार्यशाला गोष्ठी संचालन (सूचकहरुको लेखाजोखा) ३

६. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको विश्लेषणका औजारहरु ३

७. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणबाट आएका मुख्य प्राप्तिहरु ४

८. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण बीधिवाट देखिएको लैससासको अवस्था ४

८.१. परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक ६

८.२.माकुरी जालो ८

८.३ कार्यरत कर्मचारीहरुमा समाबेशीता ९

९. सबल पक्ष, सूधार गर्नुपर्ने, अवसर र चुनौती पक्षहरु १०

९.१ सुचकको बुदागत अंकको आधारमा हलवाट राय लिएर सामुहिक रुपमा गरिएको बिष्लेषण १०

९.२ समुह कार्यबाट गरिएको बिष्लेषण ११

१० लैगिक समानता तथा सामाजिक समाबेशीकरण कार्ययोजना १२

११. निश्कर्ष १६

१२. सुझाव १६

१३ अनुसुचिहरु १७

१३. क लैगिंक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका सुचकहरु र प्राप्ताँक १७

१३. ख. लैगिंक समानता तथा सामाजिक परिक्षण कार्यशालाका केहि झलकहरु ३०

१. पृष्ठभुमी

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थय सम्वन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्वन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकरात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ ।

संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ ।

स्थानिय सरकार संचालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) सम्बन्धि देहायका प्रावधानहरुको व्यवस्था गरेको छ ।

क. गाउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था :

ख. वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, विभिन्न समुदायबीच सामाजिक सद्भाव तथा सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव वेचविखन जस्ता सामजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था ।

ग. स्थानिय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितमा जोड, महिला योजना छनौटमा बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रवर्धन गर्ने व्यवस्था ।

२. परिक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण अध्ययनको महत्व देहाय प्रकारको रहेको छ ।

क. संविधानद्वारा प्रदत हकहरुको कार्यान्वयन गर्न तथा समानुपतिक समावेशिताका आधारमा राज्य संरचनाका सबै अंगहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपांगता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागि गराउन संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामजिक बञ्चितिकरणका कारण सामजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुंचको न्युन अन्तरलाई पहिचान गर्न ।

ख. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारिका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतिहरुको पहिचान गर्न एंव यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मुल्याङ्कन गरि नीति गत पृष्ठ पोषण लिन ।

३. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उदेश्यहरु

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख. महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग. स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

घ. लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधन गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

४. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले समेटने क्षेत्रहरु

लैससास परिक्षणले समेटन क्षेत्रहरु देहाय बमोजिम रहेका छन :

क. नीति, कानून र योजना

ख. संस्थागत व्यवस्था

ग. मानव संसाधन तथा क्षमता विकास

घ. सेवा प्रवाह

ङ. सुशासन तथा उत्तरदायित्व

५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको विधि र तरिका

५.१ दस्तावेज समिक्षा : लैससास कार्यदलले नगरपालिकाको दस्तावेजहरू (जस्तै ऐन, कानून, नीति, कार्यविधि, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षाको प्रतिवेदन, पालिकाको प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरियो । जसको लागी :

क) नगरपालिको योजना अनुसार मिति २०७८ साल पौष २१ गते बाह्रबिसे नगरपालिकाको नगरप्रमुख निमफुञ्जो शेर्पाज्युको अध्यक्षतामा बैठक बसी लैससास परीक्षणको उदेश्यको बारेमा छलफल गरियो । सोहि दिन दस्तावेज अध्ययन गर्न निम्न अनुसारको कार्यदल गठन गरिएको जसमा :

संयोजक : श्री सुशिला पाखीन उप प्रमुख
सदस्य : श्री ईश्वरी प्रसाद शर्मा (प्र.प्र.अ.)
सदस्य : श्री बिनोद कार्की (शिक्षा अधिकृत)
सदस्य : श्री निराजन थापा (स.ले.प)
सदस्य : श्री गणेश मोक्तान (ना.सु.)
सदस्य : पार्वती नापित (सा.वि.शा.)
सदस्य : सुमित्रा भटराई (लैससास सर्म्पक व्यक्ति)
सदस्य : बिकास पौडेल (आई.टी.अफिसर)

ख. उक्त कार्यदलले बाह्रबिसे नगरपालिकाले तयार गरी कार्यान्वयनमा रहेका सम्पुर्ण लैंगिक सम्बन्धि नीति, नियम, दस्तावेज, कार्ययोजनाको विस्तृत रुपमा अध्ययन गरेको थियो ।

ग. लैससास परिक्षणको लागी बाह्रबिसे नगरपालिकाका सम्पुर्ण पदाधिकारी, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा हेर्ने अधिकारी, GESI Focal Person लगायतका व्यक्तिहरु समावेश गरि कम्तिमा ३० जना र बढीमा ४० जनालाई लैससास परिक्षणमा सहभागी गराउने ।

घ) लैससास परिक्षण मिति २०७८ साल पौष २२ र २५ गते बाह्रबिसे नगरपालिकाको सभाहलमा सम्पन्न गरिने निर्णय गरियो ।

५.२ लक्षित समुहका व्यक्तिहरु तथा सुचनाकार व्यक्तिहरुसंग अर्न्तवार्ता तथा छलफल : नगरपालिकासंग सरोकार राख्ने समुहहरुसंग सम्वन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समाबेशीकरणको हिसावले बञ्चितिकरणमा परेका समुहहरुको प्रतिनिधीहरु र उपभोक्ता समुह गरी दूईवटा लक्षित समूहसंग अर्न्तवार्ता तथा समुह छलफल गरियो ।

५.३ कार्यशाला गोष्ठी संचालन (सूचकहरुको लेखाजोखा) : कार्यशालाको बिभिन्न बिषयबस्तुमा केन्द्रित भै सूचक तथा उपसूचक अनुसार अंकभार विश्लेषणका लागि **नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभाव सम्मको अवस्था**लाई विश्लेशण गरी नगरपालिकाका जनप्रतिनिधी, कर्मचारी र सरोकारवालाहरू गरि कुल जम्मा ४३ जनाको सहभागितामा उक्त सुचक र उपसुचकमा अंक दिने काम गरियो । सहभागितात्मक छलफलको आधारमा लैससास सुचक तथा उपसुचकहरुमा **राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ०** अंक दिने आधार बनाई नगरपालिकाको अवस्था बिश्लेषण गरियो । विभिन्न विषयगत क्षेत्रहरु र सुचकहरूमा प्राप्त अंकहरूलाई **माकुरीजालो** विधीको प्रयोग गरी सहभागीहरू माझ प्रस्तुत गरियो । विश्लेषणबाट प्राप्त भएका निष्कर्ष तथा सुझावहरुमध्ये राम्रा पक्षहरूलाई निरन्तरता दिने र कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा नगरपालिकालाई लैससासमैत्री रुपमा स्थापित गर्ने कार्ययोजना तयार गरिएको छ ।

६. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको विश्लेषणका औजारहरु

बाह्रबिसे नगर पालिकाको लैससास परिक्षणका क्रममा विश्लेषणका लागि प्रयोग गरिएका औजारहरु निम्न रहेका छन् ।

क. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यदल गठन

ख. दस्तावेज समिक्षा

ग. लक्षित समुहका जानकार ब्यक्तिःहरुसंग अर्न्तवार्ता तथा छलफल ।

घ. कार्यशाला गोष्ठी (सूचकहरुको लेखाजोखा) ,.सवल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण , कार्ययोजना तयारी र कार्यान्वयन प्रतिवद्धता ।

स्थानीय तह लैंगिक समानता र सामाजिक समावेशिकरण परिक्षण कार्यविधि, २०७७ मा उल्लेख भए बमोजिमको लैससास परिक्षण औजार प्रयोग गरिएको र यो औजारमा उल्लेख भएका ५ बिषयहरु (१) **स्थानीय सरकारको नीति, कानुन योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास,** (२) **सस्थागत ब्यबस्था,** (३) **मानब संसाधन तथा क्षमता बिकाश,** (४) **सेवा प्रवाह, र** (५) **सुशासन तथा उत्तरदायित्व** बिषयका **१०० वटा सुचकका** आधारमा लैसासको वर्तमान अवस्थाको मापन गरिएको ।

मापन गर्दाको समयमा प्रत्येक सूचकमा उल्लेखित कुरा राम्रो देखिएमा १अंक मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा सो बिषय हुँदै नभएमा ० अंकहरू प्रदान गरिएको । ५ वटा मूल शीर्षक अन्तर्गत रहेका २२ वटा सहायक शिर्षकहरुमा प्राप्त अंकहरूलाई जोडि बार चार्ट तथा माकुरीजालोको चित्र (Spider net) बनाई सहभागीहरू माझ लैससासको अवस्था प्रस्तुत गरिएको । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्य योजना बनाई अगाडि बढाउन यो लैङ्गिक समानता र सामाजिक समाजेशीकरण परिक्षणले मद्धत पुर्याउने कुरालाई महत्वका साथ उल्लेख गरिएको ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणबाट आएका मुख्य प्राप्तिहरु :

बाह्रबिसे नगरपालिकाको लैससास परिक्षणबाट देखिएका मुख्य प्राप्तिहरु देहाय बमोजिमका छन ।

क) नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुमा लैससास सम्वन्धि बुझाइको विकास भएको छ ।

ख) नगरपालिकाको नीतिगत व्यवस्था, विद्यमान संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितीमा परेका व्यक्ति र समुहहरुको सहभागिता र संवेदनशिलता सम्वन्धी वर्तमान अवस्थाको लैससास परिक्षणका सुचकका आधारमा अंक मापन भएको छ ।

ग) लैससास परिक्षणका सुचकका आधारमा प्राप्त भएका सुझावहरुको कार्यान्वयनका लागि कार्य योजनाको तयारी र नगरपालिकाको तर्फबाट कार्यान्वयनको सामुहिक प्रतिवद्धता भएको छ ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बीधिवाट देखिएको लैससासको अवस्था :

बाह्रबिसे नगरपालिकामा लैससासको अवस्थाका सम्वन्धमा लैससास परिक्षणबाट प्राप्त भए अनुसार यस पालिकामा लैससास विश्लेषणमा आधारित सुशासन तथा उत्तरदायित्व र सेवा प्रवाहमा नेपाल सरकारका

लैससास विकासका नीति र प्रतिवद्धताको अवस्था तुलनात्मक रुपमा सन्तोषजनक देखिन्छ । लैससास नीति कानुन तथा योजना तजूमा मानव संशासन तथा क्षमता विकास र संस्थागत व्यवस्थामा सबैभन्दा बढी सुधारको प्रयास गर्नुपर्ने अवस्था रहेको छ ।

८.१. परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

लैससास परिक्षणबाट बाह्रबिसे नगरपालिकाले लैससास सम्वन्धी सुचकहरुमा प्राप्त गरेको अंक यसप्रकार रहेको छ ।

सूचक नं	सुचकहरु	सुचकको अंक	प्राप्तांक
१	नीति कानुन तथा योजना	२०	७
२	संस्थागत व्यवस्था	२०	७.५
३	मानव शंसाधन तथा क्षमता विकास	२०	९
४	सेवा प्रवाह	२०	१०
५	सुशासन तथा उत्तरदायीत्व	२०	११.५
	जम्मा	१००	४५

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण मा पाँचवटा बिषयबस्तुले प्राप्त गरेको अंकभार लाई बिषयगत आधारमा Bar Chart मा तल प्रस्तुत गरियको छ ।




सेवा प्रवाह
२५
२०
१५
१०
५
०
२०
१०
४
२
४
२.५
४
२.५
४
२.५
४
०.५
सेवा प्रवाह
पुर्वाधार विकास
प्रजनन स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन


सुशासन तथा उत्तरदायीत्व
२५
२०
१५
१०
५
०
२०
११.५
४
२.५
४
२.५
४
२
४
२
४
२.५
सुशासन तथा उत्तरदायीत्व
सुशासन
उत्तरदायित्व र जवाफदेहीता
सुचना तथा संचार
अनुगमन तथा मुल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार
पुणाँक
प्राप्ताँक

८.२.माकुरी जालो : बाह्रबिसे नगरपालिकाले लैससास सम्वन्धी सुचकको अभ्यासमा प्राप्त गरेको अंकलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।



८.३ कार्यरत कर्मचारीहरुमा समाबेशीता





९. सबल पक्ष, सूधार गर्नुपर्ने, अवसर र चुनौती पक्षहरु

लैससास परिक्षणका क्रममा पालिकाको लैससास सम्वन्धी विद्यमान नीति, व्यवस्था, कार्यान्वयन र अभ्यासका सम्वन्धमा गरिएको सवल, सुधारात्मक, अवसर र चुनौती सम्वन्धी विश्लेषणमा आएका बुँदा तथा सुझावहरु यहाँ प्रस्तुत गरिएको छ ।

९.१ सुचकको बुदागत अंकको आधारमा हलवाट राय लिएर सामुहिक रुपमा गरिएको बिष्लेषण

मुल शिर्षक	सबल पक्षहरु	सुधार गर्नुपर्ने पक्षहरु	अवसर	चुनौति
• नीति कानुन तथा योजना	• नीति कानुनमा समाबेशिता र सहभागिता	• योजना तर्जुमा तथा कार्यन्वयन • बजेट तर्जुमा तथा कार्यान्वयन	• लैससास को नीति तथा कानून स्वयं स्थानिय तहले बनाउने भएकाले आफ्नो भूगोल अनुसार बनाउन पाईने ।	• लैससास कार्यन्वयनको शुरुको अवस्था भएकोले यसको महत्व बुझ्न समय लाग्ने ।
• संस्थागत व्यवस्था	• तथ्याङ्क संकलन तथा व्यवस्थापनको सुरुवात • शाखा तथा यसको जिम्मेवार व्यक्तिहरु हुनु	• कर्मचारी पदाधिकारीमा प्रतिनिधित्व • समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व • वित्त व्यवस्थापन प्रणालीमा समावेशिता • कार्यप्रणालिमा समावेशिता	• स्थानिय तहमा भएको समाबेशिकताको सिद्धान्तले गर्दा काम गर्न सजिलो ।	• स्थानीय तहको संरचना भर्खर मात्र बनोकोले संस्थागत गर्न समय लाग्ने ।
• मानव संशाधन तथा क्षमता विकास	• न्याय पालिकाले सकृयता पुर्वक काम गर्नु । • बिपद ब्यवस्थापनमा समाबेशीता सहभागीता	• मानव संशाधन तथा क्षमता विकास । • अनौपचारीक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना तथा • कानुनी साक्षरता कार्यक्रम ।	• आफैले नीति बनाउने र कार्यान्वयन पनि गर्ने हुदा नीति बनाउन र कार्यान्वयन गर्न सनिलो हुने भएकोले नतीजा छिटो आउने ।	• निर्वाचित पदाधिकारी, कर्मचारी लगायतका सरोकारवालाहरुलाई • कानुनी साक्षरता बनाउन समय लाग्ने

• सेवा प्रवाह	• प्रजनन स्वास्थ्य, खानेपानी तथा सरसफाईमा उल्लेखनिय कार्य सुत्केरी सहयोग र परामर्शको व्यवस्था • प्रा.बि. तहमा दिवा खाजा कार्यक्रम	• स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन • पुर्वाधार विकासमा लैससास को दृष्टिकोण बाट नहुनु ।	• आवश्यकताको आधारमा सेवा प्रवाह गर्न सजिलो हुने ।	• बजेटको अभावमा कतिपय सेवाहरु समयमानै प्रवाह गर्न नसकिने ।
• सुशासन तथा उत्तरदायित्व	• सुशासन, उत्तरदायित्व र जवाफदेहिताको लागी सुरुवात	• अनुगमन तथा मुल्याङ्कन • सुचना तथा संचार	• बढ्दो सामाजिक संजालको पहुँच र प्रयोगले सुशासन र उत्तरदायित्वको महत्व बुझाउन सजिलो ।	• हरेक अन्तरबस्तुहरु राजनीतिक सवाल मा रुपान्तरित भै मिलेमतोमा हुने खतरा हुन सक्छ ।

९.२ समुह कार्यबाट गरिएको बिष्लेषण

राम्रा पक्ष /सवल पक्ष (समुह १)	**कमजोर पक्ष /सुधारात्मक पक्ष (समुह २)**
• नगरपालिकामा कार्यसंचालन देखी योजना निर्माण र समन्वय हुनेगरि ३८ वटा नीति तथा ऐनको निर्माण भएको । • नगरपालिकाको प्रोफाइल, वार्षीक योजना तयार भएको र लैससास सम्वन्धि तथ्यांक र प्राथमिकताहरु पहिचान भएका । • स्वमुंल्याकन अर्थात लिसा गरिएको । • महिला अधिकार र महिला बिश्रद्ध हुने हिंसाका सवालमा विभिन्न दिवसिय कार्यक्रमहरु संचालन गर्ने गरिएको ।	• निर्माण भएका नीति तथा कानुनी व्यवस्थाहरुका वारेमा नागरिकमा जानकारीको विकास गर्नुपर्ने। • नगरपालिकाको आवधिक योजना निर्माण गर्नुपर्ने । • लैससास नीति बनाउन पर्ने । • लैससास सम्वन्धी समान वुझाइ विकासका लागि जनप्रतिनिधि र कर्मचारीलाई क्षमता विकास गर्नुपर्ने । • क्षेत्रगत र विषयगत रुपमा लैससासलाई मुलप्रवाहीरकण गर्नुपर्ने । • वर्षिक योजना निर्माण प्रकृयामा लैससास उत्तरदायी बजेट सम्वन्धी अवधारणा र व्यवस्थालाई अवलम्वन गर्नुपर्ने । • उपभोक्ता समितिहरु तथा अन्य समितिहरुमा लैससासलाई प्रवर्धन गर्नुपर्ने ।

	• विभिन्न लक्षित समुहहरुको क्षमता विकासका लागि आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने । • महिला सम्बन्धि नीति तथा कामुन र ब्यवस्था र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि रणनीति र काम गर्नुपर्ने ।
अवसरहरु (समुह ३)	**चुनौतिहरु (समुह ४)**
• लैससास सम्वन्धी नेपालको अन्तरराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्यहरु । • लैससास सम्वन्धि संवैधानिक तथा कानुनी व्यवस्था । • स्थानिय सरकार संचालन ऐन २०७४ तथा अन्य कानुनी व्यवस्थाहरुमा लैससाससँग सम्वन्धित विभिन्न काम, कर्तव्य र अधिकारहरु स्थानिय सरकारलाई दिइएको । • संघ र प्रदेश सरकारको तहबाट लैससासका सवाललाई प्राथमिकतामा राखिएको र स्थानिय सरकारसँग सहकार्यता गरिएका ।	• लैससाससँग सम्वन्धित सवालहरुमा नीति, योजना र कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक स्रोतहरुको कमी हुनसक्ने । • परम्परागत हानीकरक अभ्यासहरु नागरिक तथा सरोकारवालाहरुको प्राथमिकतामा नपर्नु । • सरोकारवालाहरुबाट भएका विद्यमान नीतिगत व्यवस्थाहरुको कार्यान्वयनमा प्रतिवद्धता र कार्यान्वयन नहुनु । • सेवाग्राही र सरोकारवालाहरुले भौतिक विकासलाई प्राथमिकता दिनु र मानविय विकासमा कम प्राथमिकता र लगानी गर्नु ।

१० लैगिक समानता तथा सामाजिक समाबेशीकरण कार्ययोजना

मुल शिर्षक	प्राप्ताँक	अवस्था सुधारको लागी आवश्यक क्रियाकलाप	क्रियाकलाप संचालन गर्ने जिम्मेवारी			समयाअवधि	थप दायित्व	
नीति कानुन तथा योजना (२०)	७	• नगरपालिकाको लैससास नीति बनाउने । • कानुन निर्माणलाई अपेक्षित समाबेशीकरण बनाउने । • योजना तर्जूमामा अत्याधिक मात्रामा लक्षित वर्गलाई सहभागी गराउने । • तोकिएको बजेट सम्बन्धित शिर्षकमा समयमानै खर्च गर्ने ब्यवस्था गर्ने ।	**पहल कर्ता**	**निर्णय कर्ता**	**कार्यान्वयन कर्ता**	आ.व ०७९/०८० को बजेटमा समाबेश गर्ने		नपर्ने
नीति कानुनमा समाबेशीता सहभागीता (८)	३.५		**लैससास शाखा**	**कार्य पालिका**	**योजना र**			
योजना तजूमा तथा कार्यान्वयन (८)	२.५							

बजेट तर्जूमा तथा कार्यान्वयन (४)	१	• लैससासमा बिनियोजित रकमको रकामान्तर नगर्ने ।			**प्रशासन शाखा**			
संस्थागत व्यवस्था (२०)	**७.५**	• खण्डीकृत तथ्याङ्क बिष्लेषण र आवश्यकताको आधारमा योजना निर्माण गर्ने • आवधिक तथा क्षेत्रगत योजना र लैससास नीति अनुरुप वार्षिक नीती तथा कार्यक्रम तयार गर्ने । • बजेट निर्माण गर्दा लैगिंक उत्तरदायि बजेट बनाउने र लक्षित वर्गलाई सम्बोधन गर्ने बजेट बनाउने ।	**लैससास शाखा**	**कार्यपालिका**	**नगर पालिका**	**आ.व ०७९/०८० को बजेटमा समाबेश गर्ने**	पर्ने	
कर्मचारी पदाधिकारी प्रतिनिधित्व (४)	१.५							
कार्यप्रणालीमा समावेशिता (४)	१							
समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व (४)	१							
वित्त व्यवस्थापन प्रणालीमा समावेशिता (४)	१							
तथ्यांक संकलन तथा व्यवस्थापन (४)	३							
मानव शंसाधन तथा क्षमता विकास (२०)	९	• लैससास सम्बन्धि क्षमता विकास कार्ययोजना तयार गरि छुट्टै शिर्षकमा बजेट बिनियोजन गरि कार्यान्वयन गर्ने । • लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गर्ने (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) । उनीहरूको सक्रियतामा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने । • बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी	**लैससास शाखा**	**कार्यपालिका**	**प्रशासन योजना** **शिक्षा स्वास्थ्य शाखा**	**आ.व ०७९/०८० को बजेटमा समाबेश गर्ने**	पर्ने	
मानव संशासन तथा क्षमता विकास (८)	१.५							
अनौपचारिक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना (४)	१.५							
कानुनी साक्षरता (४)	२							
बिपद ब्यवस्थापनमा समाबेशीता (४)	४							

		गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता विषयमा जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गर्ने । ● नगरपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी तयार गरिएको कार्ययोजना तथा क्षमता विकास कार्ययोजना बनाई वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवनमा ल्याउने । ● हाल गरि आएका कार्यलाई व्यवस्थित गर्दै निरन्तरता दिने ।						
सेवा प्रवाह (२०)	१०	● लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने । ● बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण गर्नको लागि गा.पा ले नितिगत व्यवस्था गर्ने तथा सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिलारपुरुष शौचालय, प्रतिक्षालय को व्यवस्था गर्ने । ● वालीका तथा बञ्चीतिकरणमा परेका समुदायलाई शैक्षिक सहयोगको नीति लिने । ● स्वरोजगार कार्यक्रमलाई बजेट थप गर्दै थप प्रभावकारी बनाउने ।	**लैससास शाखा**	**कार्यपालिका**	**नगरपालिका शिक्षा स्वास्थ्य शाखा**	**आ.व ०७९/०८० को बजेटमा समाबेश गर्ने**	पर्ने	
पुर्वाधार विकास (४)	२							
प्रजनन स्वास्थ्य (४)	२.५							
शिक्षा कार्यक्रम(४)	२.५							
खानेपानी तथा सरसफाई (४)	२.५							
स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन (४)	०.५							

सुशासन तथा उत्तरदायीत्व (२०)	**११.५**	• स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयनको लागि कार्यबिधि बनाई कार्यान्वयन गर्ने । • वार्षीक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र लैससास परिक्षण गर्ने । • प्रत्येक वडाले website मार्फत वडा स्तरिय सुचनालाई ब्यवस्थित गर्ने ।	सुचना शाखा	कार्यपालिका	नगरपालिका	**आ.व ०७९/०८० को बजेटमा समाबेश गन**	पर्ने	
सुशासन (४)	२.५							
उत्तरदायित्व र जवाफदेहीता (४)	२.५							
सुचना तथा संचार (४)	२							
अनुगमन तथा मुल्याङ्कन(४)	२							
समन्वय र सम्बन्ध बिस्तार(४)	२.५							

११. निश्कर्ष

लैससास परिक्षणका लागि तयार गरिएको कार्यविधीका आधारमा नगरपालिकाको कार्यदलको सहजीकरण र सहयोगमा यो लैससास परिक्षण सम्पन्न भएको हो । । लैससास परिक्षणबाट प्राप्त अंक मापनका आधारमा कार्ययोजनाको समेत तयारी भएको छ । लैससास परिक्षणका क्रममा लैससास सम्वन्धी अवधारणागत बुझाइको समेत विकास भएको छ । सहभागितात्मक विधी र प्रकृयाका आधारका गरिएको यस परिक्षणले सबै सरोकारवालाहरुको सिफारिस तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहकार्यको विकास हुनेछ। परिक्षण पश्चात लैससास विकासको लागि नगरपालिका उपप्रमुख ज्यूले नयाँ संरचना भएको हुंदा धेरै गर्न बांकि रहेको र विस्तारै यस क्षेत्रमा कार्य गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्नु भएको छ । यसको साथै नगर पालिकामा पहिलो पटक लैससास परिक्षण भएको हुदा यसको महत्व तथा अवधारणाको वारेमा नगरपालिकाले गहन तह बाट बुझ्ने अवसर प्राप्त गरेको छ । लैससासमा नगर पालिकाको अवस्था स्वलेखाजोखा अंकभार र सूचकहरु माफर्त महसुसिकरण गर्न मद्धत पुगेको छ । लैंगीक समानता तथा सामाजिक समावेशिकरणमा वार्षिक कार्ययोजना वनाई आगामी वर्षको वार्षिक निति तथा कार्यक्रममा समावेश गर्ने गरि तयार पारिएको छ ।

१२. सुझाव

बाह्रबिसे नगरपालिकाको लैगिंक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणमा आएको अंकभार, सवल र सुधार गनुपर्ने पक्षहरु लाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यन्वयनमा ल्याउनको लागी देहाय बमोजिमका सुझाबहरु रहेका छन :

क. नेपालको संविधानको धारा १८ र धारा ३८ तथा स्थानिय सरकार संचालन ऐन,२०७४ ले अंङ्गिकार गरेका उदेश्य प्राप्तिका लागि नीति,कानुन र योजना तयार गर्दाको समयमा नै लक्षित वर्गको सहभागिता बढाउनु पर्ने ।

ख. संविधानमा समाबेश भए बमोजिम लक्षिक वर्गले अपेक्षा गरे बमोजिमको कार्ययोजना र बजेटको तर्जुमा गर्नुपर्ने ।

ग. लैंगिक तथा सामाजिक अवस्थाहरुको तथ्यांक संकलन, व्यवस्थापन, अभिलेखिकरण तथा अद्यावधिकरणलाई संस्थागत गर्नुपर्ने ।

घ. सामाजिक कुसंस्कार र कुरिती विरुद्ध जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।

ङ. विपद व्यवस्थापनमा समान सहभागिता गराउनुपर्ने ।

च.नगरपालिकाले स्वरोजगार तथा आय आर्जन र कृषि उत्पादनको बजार व्यवस्थापनको कार्यमा जोड दिनुपर्ने ।

छ. बर्षको एक पटक सामजिक परिक्षण गर्नुपर्ने ।

ज. जनप्रतिनिधिहरु जनताप्रति अझ बढि उत्तरदायि बनाउन सूचना प्रणालिलाई चुस्त दुरुस्त बनाउनु पर्ने ।

झ. लैससास विकासको लागि प्रत्येक वर्ष सभाबाट बजेट विनियोजित गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक छ ।

ञ. आगामि वर्षको "लैससास" परिक्षण गर्दा यस वर्ष बनाइएको कार्ययोजनाको समिक्षा गरि कारणबस सम्पन्न गर्न नसकिएको कार्यक्रमहरुलाई अर्को वर्ष निरन्तरता दिनुपर्ने ।

ट. "लैससास" परिक्षण बाट आएका नतिजा र यसको महत्वको बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई लैससास सम्बन्धि अभिमुखिकरण गर्नुपर्ने ।

ठ. लैससास परिक्षण कार्ययोजना कार्यान्वनयको नियमित अनुगमन गर्ने र अनुगमनका लागि व्यक्ति र सम्वन्धित शाखा वा समितिलाई जिम्मेवारी तोक्ने ।

१३ अनुसुचिहरु

१३. क लैगिंक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका सुचकहरु र प्राप्ताँक :

स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण कार्यविधि, २०७७
)नमूना)

पाँचवटा मूख्य विषय र सो अनुसार सहायक विषयका सूचकहरुको जम्मा अंकभार १०० को विस्तृत विवरण देहाय बमोजिम रहेको छ । लैससास परीक्षण कार्यविधि २०७७ लाई राम्रोसँग अध्ययन गरेर मात्र अंकन गर्नुपर्ने छ । परीक्षण कार्यशालामा पाँचवटा विषयका लागि पाँचैवटा समूह निर्माण गरी परीक्षण गर्नुपर्ने छ ।

स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे । – नगरेको

स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी कुराहरू समावेश भए । – नभएको

नोट : मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको तालिकामा प्रत्येक सूचकमा १, ०.५ र ० अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

१. नीति कानुन तथा योजना : अङ्कभार (२०)
१.१ नीति र कानूनमा समावेशिता सहभागिता अङ्कभार (८)

सुचक नं	सुचकहरु	सूचकको अङ्क	प्राप्ताङ्क	प्रमाणिकरणको आधार
१	स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे नगरेको ।	०–१	०.५	

२	स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे - नगरेको	०–१	०.५	
३	स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी कुराहरू समावेश भए - नभएको	०–१	०.५	
४	स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन - छैन ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको ?	०–१	०.५	
५	स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेको समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ - छैन ?	०–१	०.५	
६	संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए - नमिलाएको	०–१	०.५	
७	महिला र पुरूषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे - नरहेको	०–१	०	
८	स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे - नरहेको	०–१	०.५	
जम्मा			३.५	
१.२.योजना तजूमा तथा कार्यान्वयन -अङ्कभार (८)				
९	आवधिक योजना र वार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ - छैन ?	०–१	०.५	
१०	गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे - नगरेको	०–१	०	

११	स्थानीय सरकारको योजना सूची लक्षित समूहहरूको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकीकरणमा पर्ने गरे - नगरेको (योजना तर्जुमा गर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यकमहरुलाई समेटे नसमेटेको परीक्षण)	०–१	०.५	
१२	योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए - नभएको ?	०–१	०.५	
१३	योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए -नगरिएको (तयारी प्रतिवेदन)	०–१	०	
१४	स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे - नगरेको	०–१	०	
१५	स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने - नबनेको	०–१	०.५	
१६	स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए - नभएको र मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी दिए - नदिएको	०–१	०.५	
जम्मा			२.५	
१.३. बजेट तर्जूमा तथा कार्यान्वयन (अङ्कभार (४)				
१७	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका अपाङ्ग जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण गर्ने) गरिए -नगरिएको ?	०–१	०.५	
१८	स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए - नगरिएको ?	०–१	०	
१९	परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए - नगरिएको ?	०–१	०	
२०	स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयैमा खर्च गरिए - नगरिएको ? (बजेट तथा कार्यकमबीच भिडान)	०–१	०.५	

जम्मा			**१**	
सुचक १ को कुल जम्मा			**७**	
२. संस्थागत व्यवस्था : अङ्कभार (२०) **२.१. कर्मचारी पदाधिकारी प्रतिनिधित्व – अङ्कभार (४)**				
२१	स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ -छैन ?	**०–१**	**०.५**	
२२	स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ - छैन ?	**०–१**	**०.५**	
२३	स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्वन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको -नगरेको ?	**०–१**	**०**	
२४	जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको - नलिएको	**०–१**	**०.५**	
जम्मा			**१.५**	
२.२. कार्यप्रणालीमा समावेशिता – अङ्कभार (४)				
२५	महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ - छैन ?	**०–१**	**०**	
२६	स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए। नगरिएको)	**०–१**	**०.५**	
२७	स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ - छैन ?	**०–१**	**०.५**	

२८	योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे - नगरेको	०–१	०	
जम्मा			१	
२.३. समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व – अङ्कभार (४)				
२९	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे - नरहेको ?	०–१	०.५	
३०	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भागलिन पाए - नपाएको ?	०–१	०.५	
३१	स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे -नगरेको ?	०–१	०	
३२	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे - नगरेको ?	०–१	०	
जम्मा			१	
२.४. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता – अङ्कभार (४)				
३३	स्थानीय तहमा महिला विकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरिएको - नगरिएको ?	०–१	०.५	
३४	के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ?	०–१	०.५	
३५	के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय श्रोतहरु लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ?	०–१	०	

३६	स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे - नगरेको र कम्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने वा नदिने गरेको ।	०–१	०	
जम्मा			१	
२.५. तथ्यांक संकलन तथा व्यवस्थापन – अङ्कभार (४)				
३७	के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना।तथ्याँक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग, उमेर, जात, र आर्थिक स्थिति आदि)(गाऊं /नगर प्रोफाईल)	०–१	१	
३८	स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना।तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे -नगरेको (गाऊं/नगर प्रोफाईल)	०–१	०.५	
३९	के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ?	०–१	०.५	
४०	स्थानीय सरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गर्ने गरे - नगरेको ?	०–१	१	
जम्मा			३	
नं.२ को कूल जम्मा			७.५	
३. मानव शंसाधन तथा क्षमता विकास – अङ्कभार (२०) **३.१. मानव संशासन तथा क्षमता विकास – अङ्कभार (८)**				
४१	लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए । नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए - नआएको ?	०–१	०	
४२	स्थानीय सरकारका पदाधिकारी/कमर्चारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिम लिएका छन वा छैनन र तालिम कार्यकममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन ?	०–१	०.५	

४३	तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ - छैन ?	०–१	०.५	
४४	महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन - छैनन ? सो अनुसारको वजेट विनियोजन गरिएको छ - छैन ?	०–१	०	
४५	के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या)	०–१	०.५	
४६	के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था छ ?	०–१	०	
४७	महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको । (संचालित तालिम कार्यकम संख्या र उपस्थिति)	०–१	०	
४८	महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्दताहरूका बारेमा स्थानीय सरकारका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएकोछ ? (कार्यकम संख्या र उपस्थिति)	०–१	०	
जम्मा			१.५	
३.२. अनौपचारिक मुल्य मान्यता र कु संस्कार बिरुद्ध जनचेतना – अङ्कभार (४)				
४९	महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ (कार्यकम संख्या र उपस्थिति)	०–१	०.५	
५०	लैङ्गिक हिँसारहित गाऊ /नगरपालिका घोषणा गरेको छ (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ (घटेका घटना संख्या र लिइएका निर्णय)	०–१	०	
५१	स्थानीय सरकारले महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू संचालन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका)	०–१	०.५	
५२	के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू संचालन गर्ने गरेको छ (कार्यकम संख्या र उपस्थिति)	०–१	०.५	

जम्मा			**१.५**	
३.३. कानुनी साक्षरता – अङ्कभार (४)				
५३	स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखीकरण गर्ने गरे - नगरेको ?	**०–१**	**०.५**	
५४	स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे - नगरेको ?	**०–१**	**०.५**	
५५	के महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला र मानव बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण)	**०–१**	**०.५**	
५६	महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालनबाट के उनीहरु लाभान्वित भएका छन ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण र यसको असर)	**०–१**	**०.५**	
जम्मा			**२**	
३.४. बिपद ब्यवस्थापनमा समाबेशीता – अङ्कभार (४)				
५७	स्थानीय सरकारले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्स गरे । नगरेको र यस्ता दस्ताबेजमा सिमान्तीकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहे - नरहेको ?	**०–१**	**१**	

५८	स्थानीयस्तरको विपद सम्वन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे - नगरेको ?	०–१	१	
५९	समुदायमा आधारित विपद व्यवस्थापन सम्वन्धी कार्यगर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकतामा राखी गर्ने गरे - नगरेको ?	०–१	१	
६०	विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरे - नगरेको ?	०–१	१	
जम्मा			४	
३ नंको कुल जम्मा			९	
४. सेवा प्रवाह – अङ्कभार (२०) **४.१. पुर्वाधार विकास– अङ्कभार** (४)				
६१	स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लगत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री र संबेदनशील संरंचनाको प्रावधान सहित हुने गरे - नगरेको	०–१	०.५	
६२	स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ - छैन ?	०–१	०.५	
६३	स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ - छैन ?	०–१	०.५	
६४	स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू रहे - नरहेको ?	०–१	०.५	
जम्मा			२	

४.२. प्रजनन स्वास्थ्य – अङ्कभार (४)				
६५	गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्वन्धी नीति र कार्यक्रम समावेश भए - नभएको ?	**०–१**	**०.५**	
६६	स्थानीय तहको कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिकस्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सो को व्यवस्थापन गरिएको छ - छैन ?	**०–१**	**०**	
६७	परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएका छन ?	**०–१**	**१**	
६८	महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए - नभएको ?	**०–१**	**१**	
जम्मा			**२.५**	
४.३. शिक्षा कार्यक्रम – अङ्कभार (४)				
६९	स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए - नमिलाएको ?	**०–१**	**१**	
७०	स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निश्पक्ष वितरण हुने प्रवन्ध मिलाए - नमिलाएको ?	**०–१**	**०.५**	
७१	अशिक्षित महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भए - नभएका ? (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या)	**०–१**	**०**	
७२	विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागी प्याड र यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने गरे - नगरेको ?	**०–१**	**१**	
जम्मा			**२.५**	

४.४. खानेपानी तथा सरसफाइ – अङ्कभार (४)				
७३	गाउँपालिका / नगरपालिकामा सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था, र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए - नभएको	० –१	१	
७४	स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रीय सहभागितामा वडा वडामा खुला दिसामुख्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे - नगरेको ?	०–१	१	
७५	कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसा बाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबुद्धि कार्यक्रम सञ्चालन हुने गरे - नगरेको ?	०–१	०.५	
७६	महिलाहरू बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनजीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे - नगरेको	०–१	०	
जम्मा			२.५	
४.५.स्वरोजगार तथा आय आर्जन र बजार ब्यवस्थापन – अङ्कभार (४)				
७७	स्थानीय सरकारकोयोजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ - छैन ?	०–१	०	
७८	स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरे । नगरेको (कार्यकम संख्या र उपस्थिति)	०–१	०.५	
७९	ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने गरे । नगरेको ? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकाँक)	०–१	०	
८०	गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए - नभएको ?	०–१	०	
जम्मा			०.५	

नं.४ को कूल जम्मा			१०	
५. सुशासन तथा उत्तरदायीत्व – अङ्कभार (२०) **५.१. सुशासन – अङ्कभार (४)**				
८१	स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारी बाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ?	०–१	१	
८२	स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा ल्याए - नल्याएको ?	०–१	०.५	
८३	महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति)	०–१	०	
८४	संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ?	०–१	१	
जम्मा			२.५	
५.२. उत्तरदायित्व र जवाफदेहीता – अङ्कभार (४)				
८५	स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे - नगरेको	०–१	०.५	
८६	स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे - नगरेको ?	०–१	०.५	
८७	स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यकम र सो को कार्यान्वयका विषयमा आवाज उठ्ने गरे - नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे - नगरेको ?	०–१	०.५	

८८	स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए - नल्याएको ?	०–१	१	
जम्मा			२.५	
५.३. सूचना तथा संचार (अङ्कभार (४)				
८९	स्थानीय सरकारले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे । नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे - नगरेको ?	०–१	१	
९०	स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे - नगरेको ?	०–१	०	
९१	के स्थानीय सरकारले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ?	०–१	०.५	
९२	के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ -आधार तथ्याँकसँग समेत तुलना गर्न सकिने)	०–१	०.५	
जम्मा			२	
५.४. अनुगमन तथा मुल्याङ्कन – अङ्कभार (४)				
९३	के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ?	०–१	०.५	
९४	के स्थानीय सरकारले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ?	०–१	०.५	
९५	के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेका छ ?	०–१	०.५	

९६	के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ?	०–१	०.५	
जम्मा			२	
५.५. समन्वय र सम्बन्ध बिस्तार – अङ्कभार (४)				
९७	स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरे - नगरेको ?	०–१	१	
९८	लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरे - नगरेको ?	०–१	०.५	
९९	लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरे - नगरेको ?	०–१	०.५	
१००	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे - नगरेको ?	०–१	०.५	
जम्मा			२.५	
५ नं को जम्मा			११.५	
कुल जम्मा			४५	

१३. ख. लैगिंक समानता तथा सामाजिक परिक्षण कार्यशालाका केहि झलकहरु :

समुह छलफल र प्रस्तुतकिरण

समुह कार्य र प्रस्तुतिकरण

कार्यर्यशालामा प्रतिवद्धता मन्तब्य राख्दै नगर उपप्रमुख श्री सुशिला पाखीन (दाँया) र प्रखुख प्रशासकिय अधिकृत (वाँया)

१३ ग. कार्यशालाका सहभागीहरु :



आज मिति २०७८ साल पुस २२ गतेका दिन बाह्रबिसे नगरपालिकाको GESI Audit कार्यक्रमको कार्यशाला बाह्रबिसे नगरपालिकाका नगरप्रमुख श्री निमफुञ्जो शेर्पाज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीज्यूहरूको उपस्थितीमा संचालन गरियो ।

तपशिल

नाम थर	पद	ठेगाना	फोन नं.	दस्तखत
निमफुञ्जो शेर्पा	नगरप्रमुख	बा.न.पा.		
सुशीला पाखीन	उपप्रमुख	बा.न.पा.		
ईश्वरी प्रसाद शर्मा	प्र.प्र.अ.	बा.न.पा.	9851048792	
दिलमाया भगर	का.पा.स.	बा.न.पा. ९	9843148782	
तारादेवी भण्डारी	का.पा.स.	बा.न.पा. १	9849721561	
शान्ति बस्नेत	का.पा.स.	बा.न.पा. ४	9808113940	
बच्चुदेवी तिमल्सिना	का.पा.स.	बा.न.पा. ३		
बिनोद कार्की	शि.अ.	बा.न.पा.	9849486673	
युगबहादुर खड्का	अधिकृत	बा.न.पा.	9841984280	
सविन वाग्ले	"	बा.न.पा.	9849654993	
कमला न्यौपाने	रोजगार सं.	बा.न.पा. ४	9842824800	
विकास पौडेल	IT officer	बा.न.पा.	9841844851	
कमला वि.क.		बा.न.पा. ८	–	कमला
समझना वि.क.	इ.म.स.	बा.न.पा. ८	9614958337	समझना
भक्तकुमारी श्रेष्ठ	महिला स.	बा.न.पा. ३	9614897141	भक्त
राम्री वि.क.	महिला स.	बा.न.पा. ३	–	राम्री
ज्ञानुका न्यौपाली	महिलास.	बा.न.पा. ३		
दिपा अधिकारी	महिला स.	बा.न.पा. ४	9843053951	
पवित्रा प्रधान	महिला स.	बा.न.पा. ६	9843039890	
रत्न कुमारी लामिछाने	महिलास.	बा.न.पा. ५	9869258539	
पुनम पाल	स.	बा.न.पा.	9868872680	



नाम थर	पद	ठेगाना	दस्तखत
युगबहादुर खड्का	अधिकृत	बा.न.पा.	
सरिता थोक्सम	अ.स.अ.	बा.न.पा.	
युवराज तामाङ		बा.न.पा. ८	
रजनी विश्वकर्मा	Counselor	बा.न.पा.	
सविन वाग्ले	अधिकृत	बा.न.पा.	
केपिल इदुवानी	आ.ले.प.पा.	" "	
कमला न्यौपाने	रोजगार संयोजक	बा.न.पा.	
चमेली थामी	थाम्कि सहजकर्ता	का.नि.पा. ६	
नानीमैया थापा	सहजकर्ता		
गणेश मोक्तान	स.प.पा.	बा.न.पा.	
सुमित्रा भट्टराई	स.म.वि.नि.	बा.न.पा.	
देवेन्द्र भुजेल	का.स.	बा.न.पा.	

आज मिति २०७८ साल पुस २५ गतेका दिन बाह्रबिसे नगरपालिकाको GESI Audit कार्यक्रमको दोस्रो दिनको कार्यशाला निम्न बमोजिमका पदाधिकारीज्यूहरूको उपस्थितिमा संचालन गरियो ।

उपस्थित

नाम थर	पद	ठेगाना	दस्तखत
सुशीला पाखीन	उपप्रमुख	बा.न.पा.	
ईश्वरी प्रसाद शर्मा	प्र.प्र.अ.	बा.न.पा.	
तारादेवी भण्डारी	का.पा.स.	बा.न.पा.२	तारा
उच्चुदेवी तिमल्सिना	"	बा.न.पा.३	
शान्ति बस्नेत	"	बा.न.पा.४	शान्ती
दिलमाया मगर	"	बा.न.पा.१	
जानुका नेपाली	"	बा.न.पा.४	जानुका
रक्षी वि.क.	महिला सदस्य	बा.न.पा.३	रक्षी
भक्तकुमारी श्रेष्ठ	"	बा.न.पा.३	भक्त
[illegible]कुमार पौडेल	प्र.स्व.नि.	बा.न.पा.	
[illegible]कुमार श्रेष्ठ	नि.प.का.प्र.	[illegible]	
[illegible] गोलान	ना.प्र.स. कृषि	बा.न.पा	
सर्मिला पाण्डे	प.हे.न	बा.न.पा	
सुलोचना श्रेष्ठ	पो.स्व.	बा.न.पा.	
विपना थापा	अ.न.मी	बा.न.पा	
सविता बस्नेत	कृ.स.	बा.न.पा	
कोपिला प्रधान	खेलकुद का.स.	बा.न.पा.	
जोमा श्रेष्ठ	स.क.	बा.न.पा.	जोमा
सुलोचना श्रेष्ठ	पो.स्व.		
दिपा अधिकारी	हे.म.स.	बा.न.पा.४	
कमला वि.क.		बा.न.पा.८	कमला
रामकला वि.क.	हे.म.स.	बा.न.पा.८	रामकला

नाम थर	पद	फोन नं.	ठेगाना
प्रेम कुमार श्रेष्ठ	नि.प.का.प्र.	9848536059	[illegible]
कपिल शक्याली	का.ले.प	9860015966	बा.न.पा
कोपिला प्रधान	नगर खेल कार्यक्रम संयोजक	9843928484	बा.न.पा
सविता बस्नेत	क.स	9861291413	बा.न.पा
जोमा श्रेष्ठ	स.क.	9861772543	बा.न.पा.
[illegible] कुमारी सुनुवार	वडा सदस्य	9803313447	बा.न.पा.
[illegible]	[illegible]	[illegible]	[illegible]
नेपना थापा	अ.न.मी	9861516014	बा.न.पा
अनिता [illegible]	अ.कर्मी	9851103944	बा.न.पा
सर्मिला पाण्डे	प.हे.न	9845502194	बा.न.पा
चमेली तामाङ	का.स	9849209813	बा.न.पा
[illegible] तामाङ	का.स	9845249485	बा.न.पा
रक्षी तिमल्सिना	Counselor	9849708329	बा.न.पा.४
हरि कुमार श्रेष्ठ	ले.स	9869846844	बा.न.पा
सुलोचना श्रेष्ठ	पो.स्व.	9849310152	बा.न.पा
पार्वती नापित	सा.पार्षद		बा.न.पा
[illegible] थापा	सहजकर्ता		
गणेश मोक्तान	स.पार्षद		बा.न.पा
सुमित्रा भट्टराई	स.म.वि.नि.	9848240583	बा.न.पा
[illegible] भुजेल	का.स		बा.न.पा